# सम्मरीमाई गाउँपालिका

SAMMARIMAI RURAL MUNICIPALITY

## गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

फरेना,रुपन्देही

Farena,Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province,Nepal

पत्र संख्या /Ref.No. :- ०७७/०७८
च. नं./Dispatch No. :- १२१२

मिति /Date :२०७८।०२।२६

**बिषय : योजना माग सम्बन्धमा ।**

**श्री वडा कार्यालय सबै ।**

**श्री सरोकारवाला सबै**

सम्मरीमाई गाउँपालिकाको आ.व . २०७८/७९ को निति तथा कार्यक्रम तर्जुमा र योजना तथा कार्यक्रम सहित बजेट तयार गरी आगामी २०७८ असार १० गते भित्र गाउँसभा समक्ष पेश गरी सक्नु पर्ने कानूनी व्यवस्था रहेको र हाल कोरोना महामारीको कारण वडा भेला गरी योजना तथा कार्यक्रमहरु संकलन गर्न सम्भव नरहेकोले सम्मरीमाई गाउँपालिका भित्रका प्रत्येक वडा, प्रत्येक टोलबाट आवश्यक रहेका सम्पुर्ण योजना तथा कार्यक्रम तथा सुझावहरु सम्वन्धित वडा कार्यालयहरुमा वा गाउँपालिकाको इमेल ठेगाना sammarimairm@gmail.com मा २०७८/०२/३१ गते भित्र पेश गर्नु हुन सबै राजनितिक दलहरु, विद्यालय, स्वास्थ्य संस्थाहरु बिभिन्न संघ संस्था बुद्धिजिबि समाजसेवी लगायत सम्पूर्ण सरोकारवालालाई अनुरोध गरिन्छ । साथै योजना तथा कार्यक्रम माग गर्दा सबै क्षेत्रको सन्तुलित विकास हुने गरी तपशिलका सबै बिषय क्षेत्रलाई प्राथमिकता राख्न हुन समेत सुचित गरिन्छ ।

बिषय क्षेत्रहरु

१. **आर्थिक बिकास** (कृषि, पर्यटन,उद्योग,तथा बाणिज्य,सहकारी,बितिय जस्ता क्षेत्र समावेश गर्ने ।

२. **सामाजिक बिकास** (शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई,संस्कृति प्रर्बधन,लैगिक समानता तथा सामाजिक समावेशिकरण (महिला,वालवालिका,जेष्ठनागरिक,आपांगता भएका ब्यक्ति,दलित,आदिवासी जनजाति,मधेशी,मुस्लिम,थारु र अल्पसंख्यक आदि ।)जस्ता क्षेत्र समावेश गर्ने ।

३. **पूर्वाधार बिकास** (सडक तथा पुल) झुलुंगे पुल समेत) सिचाई, भवन तथा सहरी बिकास,उर्जा लघु तथा साना जल बिद्युत, संचार जस्ता क्षेत्र समावेश गर्ने )

बिष्णु ... ...
प्रमुख प्रशासकीय अधिकृत

जितेन्द्र नाथ शुक्ल
अध्यक्ष

Scanned with CamScanner

# सम्मरीमाई गाउँपालिका

SAMMARIMAI RURAL MUNICIPALITY

## गाउँ कार्यपालिकाको कार्यालय

OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

फरेना,रुपन्देही

Farena,Rupandehi

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province,Nepal

पत्र संख्या /Ref.No. :- ०७७/०७८

च. न./Dispatch No. :-

मिति /Date :२०७८।०२।२६

४. **वातावरण तथा बिपद ब्यबस्थापन** (वन तथा भु संरक्षण,जलाधार सरक्षण,जलवायु परिवतर्न फोहरमैला व्यवस्थापन,जलउत्पन्न प्रकोप नियन्त्रण विपद व्यस्थापन,वारुणयन्त्र संचालन जस्ता क्षेत्र समावेश गर्ने।

५. **संस्थागत बिकास सेवा प्रवाह तथा सुशासन** (मानव संसाधन बिकास,सं.स्थागत क्षमता बिकास,राजस्व परिचालन,बितीय ब्यवस्थापन,बितीय जोखिम न्युनीकरण,सार्बजनिक सुनुवाई,सामाजिक परिक्षण, आन्तरिक र अन्तिम लेखा परिक्षण, बेरुजु फर्छ्यौट,सेवा प्रवाहका मापदण्ड निर्धारण,सेवा प्रवाहमा बिद्युतीय सुचना प्रविधिको प्रयोग ,नागरिक सन्तुष्टी,सर्बेक्षण र अन्तर निकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

विष्णु प्रसाद ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

जितेन्द्रनाथ शुक्ल
गा.पा. अध्यक्ष

Scanned with CamScanner